DENVER PUBLIC SCHOOLS

नयाँ

# योग्यता

## ग्रेजुएशनका आवश्यकताहरू



तपाईं ग्रेजुएशनको नजिक जाँदै गर्दा, हामीले यो सुनिश्चित गर्न चाहन्छौं कि DPS डिप्लोमा भनेको तपाईंले छान्नुभएका कुनै पनि मार्गहरू — ग्रेजुएशन पछिको कार्यबल, विशेषिकृत उद्योग प्रमाणीकरणका लागि निरन्तर प्रशिक्षण वा कलेज जाने आदि जस्ता कुरामा सफल हुनका लागि तपाईं तयार हुनुहुन्छ भनी पक्का गर्नु हो। हाम्रो 2021 को कक्षा र त्यसपछिका प्रत्येक ग्रेजुएटिङ कक्षाबाट सुरु हुनेगरी, हामीसँग नयाँ ग्रेजुएशन आवश्यकताहरू छन् **त्यसमा तीन वटा भागहरू छन्:**

व्यक्तिगत वृत्ति र शैक्षिक योजना (ICAP) + पाठ्यक्रम + योग्यता

## योग्यता प्रदर्शन गर्नु को अर्थ के हो?

यसको अर्थ तपाईंले निश्चित सीप, क्षमता र अवधारणाहरू सिक्नुभएको छ र तपाईंसँग तिनीहरूलाई वास्तविक संसारमा लागू गर्ने क्षमता छ भन्ने कुरा देखाउन सक्षम हुनु हो। तपाईंले धारणा वा सीपलाई बुझ्ने मात्र नभइ, तपाईं आफूलाई पढाइएका कुराहरूलाई जोड्न पनि सक्षम हुनुहुन्छ र साथै यसबारे अन्यलाई बताउँदा सहज महसुस गर्नुहुन्छ।

तपाईंको भविष्यका कुनै पनि कलेजका कार्य वा जागिरबाट, तपाईंले के थाहा पाउनुहुन्छ भन्ने कुरा तपाईंलाई प्रामाणित गर्न भनिनेछ, जसकारण हामीले त्यो सीपलाई पहिले नै सुरु गर्न सक्छौं।

पहिले नै सुरु गर्नुहोस्!



पर्नेछ।

2020 सम्म कोलोराडोका सबै जागिर मध्ये **74%** जागिरलाई हाइ स्कूल भन्दा माथिको शिक्षा आवश्यक

जस्तै कलेज, ट्रेड स्कूल, प्रशिक्षुता वा सैन्य सेवा

## यो किन महत्वपूर्ण छ?

कोलोराडोमा, विद्यार्थीहरू कलेज आउँदा दुई-वर्षे कलेजहरूमा 53% र चार-वर्षे कलेजहरूमा 20% विद्यार्थीहरू कलेज जानका लागि तयार भइसकेका हुँदैनन्। तयार हुनका लागि तिनीहरूले अतिरिक्त कक्षाहरू लिन आवश्यक पर्छ, जसको अर्थ ग्रेजुएट हुन धेरै समय लाग्छ र ट्युशनमा धेरै पैसा खर्च हुनसक्छ।

विद्यार्थीहरू हाइ स्कूलपछि कलेज र जागिरका लागि तयार छन् भनी सुनिश्चित गर्नका लागि हाम्रा नयाँ ग्रेजुएशन आवश्यकताहरू यहाँ छन्। हामीले तपाईंको भविष्यका लागि तपाईंलाई तयार र विश्वस्त महसुस गराउन चाहन्छौं!

### तपाईंलाई थाहा थियो?

अधिक शिक्षा हासिल गर्नु भनेको रोजगारका धेरै अवसरहरू प्राप्त गर्नु हो, जसको अर्थ तपाईंले अझ धेरै पैसा कमाउन सक्नुहुन्छ।

औसत तलब

**$11,667**
हाइ स्कूल ड्रपआउटहरू

**विरुद्ध**

**$62,609**

बेरोजगारी दर

**27%**
हाइ स्कूल ड्रपआउटहरू

**विरुद्ध**

**5%**
कलेज ग्रेजुएटहरू

## मैले योग्यतालाई कसरी प्रदर्शन गर्न सक्छु?

DPS बाट ग्रेजुएट गर्नका लागि, प्रत्येक विद्यार्थीले योग्यता मेनु (यो पृष्ठको पछाडि सूचीबद्ध गरिएको) मा रहेका एक वा सोभन्दा वस्तुहरू पूरा गरी अंग्रेजी, गणित र/वा वृत्ति तयारीमा योग्यता प्रदर्शन गर्नेछन्।

तपाईंले विद्यालयमा के सिक्नुभएको छ भन्ने कुरा देखाउने विभिन्न तरिकाहरू छन्, जसकारण हामीले अंग्रेजी, गणित र वृत्ति तयारीमा योग्यता प्रदर्शन गर्नका लागि लचकदार विकल्पहरूको मेरो सिर्जना गर्‍यौं।

तपाईंले धेरै योग्यता विकल्पहरूबाट छान्न सक्नुहुन्छ।

विवरणहरूको लागि अर्को पृष्ठ हेर्नुहोस्।

## मेरा लागि यसलाई विभाजन गर्नुहोस्। मेरा विकल्पहरू के-के हुन्?

हामीले तपाईंलाई धेरै विकल्पहरूमा अनुसन्धान गर्न प्रोत्साहन गर्छौं र तपाईंका लागि कुन चाहिँ विकल्प उपयुक्त हुन्छ भन्ने कुरा निर्णय गर्छौं। सामान्यतया, ACT, SAT र अकुप्लेसर जस्ता कलेज तयारी मापनहरू कोलोराडोका कलेज र युनिभर्सिटीहरूद्वारा सेट गरिएका मानकहरूमा पङ्क्तिबद्ध छन्; ;यद्यपि, प्रत्येक कलेर र युनिभर्सिटिमा अद्वितिय भर्ना मानकहरू हुन सक्छन्, त्यसलै विद्यार्थी र परिवारहरूले व्यक्तिगत आवश्यकताहरू बारे बुझ्नको लागि विद्यालय परामर्शदाता तथा अन्य विद्यालय कर्मचारीसँग मिलेर काम गर्नु महत्त्वपूर्ण हुन्छ।

**प्रश्नहरू छन्?**
आफ्नो परामर्शदाता, शिक्षक वा विद्यालय नेतृत्वकर्तासँग कुरा गर्नुहोस्।

| ग्रेजुएसन आवश्यकताहरू<br>योग्यता प्रदर्शनका विकल्पहरू | अंग्रेजीमा योग्य हुने अंक | गणितमा योग्य हुने अंक |
|---|---|---|
| **Accuplacer**<br>कम्प्युटरमा लिइने Accuplacer एउटा बहुविकल्पीय परीक्षा हो जसले विद्यार्थीहरूको सीप स्तरहरूसँग मेल खाने कलेज कक्षाहरूमा विद्यार्थीहरूलाई राखिएको छ भनी सुनिश्चित गर्न उनीहरूको गणित, पठन, लेखन र कम्प्युटर क्षमताहरूको जाँच गर्छ। Accuplacer ले उनीहरूलाई शैक्षिक क्षमता र कमजोरीहरूको पूर्ण चित्र दिने हुनाले यसले विद्यार्थीहरूका लागि निदानात्मक जाँचको रूपमा कार्य गर्छ।<br>*परीक्षाको सम्भावित न्यूनतम अंक 20 हो र सम्भावित उच्चतम अंक 120 हो।*<br>*ध्यान दिनुहोस्: Accuplacer मूल्यांकन र अंकको स्केल सम्भवत: 2018 पछि परिवर्तन हुनेछ।* | 95<br>वाक्य सीपहरू | 61<br>इलिमेन्टरी अल्जेब्रा |
| **अमेरिकी कलेज परीक्षण (American College Testing, ACT)**<br>ACT एउटा राष्ट्रिय कलेज प्रवेश परीक्षा हो जसले चारवटा विषयहरूको मापन गर्छ: अंग्रेजी, पठन, गणित र विज्ञान।<br>*प्रत्येक विषयको लागि उच्च सम्भावित अंक 36 हो।* | 18 | 19 |
| **उन्नत स्थान नियोजन (Advanced Placement, AP) परीक्षाहरू**<br>AP कक्षाहरू तपाईंले हाइ स्कूलमा हुँदा लिन सक्ने कलेज स्तरका कक्षाहरू हुन्। सेमेस्टरको अन्त्यमा, विद्यार्थीहरूलाई AP परीक्षा दिन प्रोत्साहन गरिन्छ जसले तिनीहरूले कलेज स्तरमा कस्तो प्रदर्शन गर्न सक्नेछन् भनी जाँच गर्छ।<br>*अंकहरू 1 देखि 5 को दायरामा हुन्छ। यदि विद्यार्थीले चयन परीक्षामा 2 अंक प्राप्त गर्छ भने, तिनीहरूले निपुणता हासिल गर्छन्। याद राख्नहोस्, धेरैजसो कलेजहरूले 3 वा सोभन्दा उच्च परीक्षा अंकहरूका लागि मात्र कलेज क्रेडिट प्रदान गर्छन्।* | 2 | 2 |
| **संयुक्त भर्ना (Concurrent Enrollment)**<br>संयुक्त भर्नाले विद्यार्थीहरूलाई एकै समयमा कलेज र हाइ स्कूल क्रेडिटहरू हासिल गर्न सहायता गर्छ। समय र पैसा दुबैको बचत गरी विद्यार्थीहरू नि:शुल्क रूपमा कलेज पाठ्यक्रमहरूमा नामांकन हुन सक्षम हुन्छन्।<br>*सबै DPS हाइ स्कूलहरूका साथै चयन गरिएका चार्टर स्कूलहरूमा उपलब्ध धेरै संयुक्त भर्ना क्रेडिटहरू दुई वा चार-वर्षे डिग्री प्रोग्राममा स्थानान्तरण हुन्छन्।* | योग्य पाठ्यक्रममा C- वा सोभन्दा उच्च | योग्य पाठ्यक्रममा C- वा सोभन्दा उच्च |
| **DPS Capstone**<br>Capstone विकल्पको साथमा, विद्यार्थीहरूले के-के अध्ययन गरे र वास्तविक संसारमा यो कसरी लागू हुन्छ भनी देखाउन तिनीहरूको हाइ स्कूलको अनुभव भरिको कामको पोर्टफोलियो विकास गर्छन्। यसले विद्यार्थी तथा शिक्षकहरूलाई पूरै समयको प्रगतिको निरीक्षण गर्न सहायता गर्छ र विद्यार्थीहरूले आफ्नो पोर्टफोलियोलाई ठीक गर्दै जाँदा महत्त्वपूर्ण प्रतिक्रिया प्राप्त गर्छन्।<br>*निपुणता आवश्यकता पूरा गर्न Capstone पोर्टफोलियो चुन्ने विद्यार्थीहरूका लागि स्कूलहरूले विद्यार्थीहरूको प्रगतिको ट्र्याक राख्न उनीहरूलाई मद्दत गर्नेछन्।* | DPS-स्वीकृत पुरावशेषहरू | |
| **अन्तर्राष्ट्रिय ब्याकालरियट (IB)**<br>IB स्कूलहरूले विद्यार्थीहरूलाई तिनीहरूका मातृ संस्कृति र भाषामा पूर्ण रूपमा अन्वेषण गर्न सहायता गर्दै अध्ययन र शिक्षणका अन्तर्राष्ट्रिय परिप्रेक्ष्यहरूमा ध्यान केन्द्रित गर्छन्। IB कार्यक्रमहरूले तीव्र रूपमा विश्वव्यापीकरण भइरहेको विश्वमा विद्यार्थीहरूलाई सफल हुनसक्ने बनाउनका लागि बौद्धिकता, व्यक्तिगत भावनाहरू तथा सामाजिक कौशलताहरूलाई विकास गर्न मद्दत गर्दछन् ।<br>*IB डिप्लोमा कार्यक्रममा नामांकित विद्यार्थीहरूले निपुणताहरू जाँच गर्नका लागि परीक्षाहरू दिनेछन्। निपुणता आवश्यकता पूरा गर्नुका साथै विद्यार्थीहरूले संयुक्त राज्य अमेरिकाका धेरैजसो कलेज र विश्वविद्यालयहरूमा क्रेडिटहरू वा उन्नत स्थान हासिल गर्न पनि सक्छन्।* | 4 | 4 |
| **शैक्षिक योग्यता जाँच (Scholastic Aptitude Test, SAT)**<br>SAT परीक्षाले गणित, प्रमाणमा आधारित पठन र लेखन र वैकल्पिक निबन्धमा मुख्य सीपहरू मापन गरी कलेजका लागि तपाईं कतिको तयार हुनुहुन्छ भनी कलेजहरूलाई देखाउँछ।<br>*1,600 अंक "उत्कृष्ट" अंकको साथमा यस परीक्षामा 200 देखि 800 अंक प्राप्त गरिन्छ।*<br>*प्रत्येक वर्ष SAT परीक्षा सात पटक लिइन्छ। DPS ले प्रत्येक वर्षको अप्रिल महिनामा जुनियरहरूका लागि नि:शुल्क परीक्षाको व्यवस्था मिलाउँछ। DPS ले Khan Academy मार्फत नि:शुल्क अनलाइन SAT अभ्यास कार्यक्रम पनि प्रदान गर्छ।* | 470 | 500 |
| **ACT WorkKeys राष्ट्रिय करियर तयारी प्रमाणपत्र (ACT WorkKeys National Career Readiness Certificate)**<br>ACT WorkKeys एउटा मूल्यांकन हो जसले व्यावहारिक पठन, लेखन, गणित र 21औं शताब्दीका सीपहरूमा विद्यार्थीहरूको कार्य सीपहरूको जाँच गर्छ। अंकहरू रोजगारदाताहरूलाई उच्च कार्यसम्पादन कार्यदल चयन गर्न, भर्ना लिन, प्रशिक्षण दिन, विकास गर्न र कायम राख्न मद्दत गर्ने कार्य प्रोफाइलहरूमा आधारित हुन्छन्। | कास्य वा उच्च | |
| **सशस्त्र सेवा व्यावसायिक योग्यता ब्याट्री (Armed Services Vocational Aptitude Battery, ASVAB)**<br>ASVAB बोध सम्बन्धी जाँच हो जसले परम्परागत रूपमा सैन्यमा करियरहरूका लागि विद्यार्थीहरूको योग्यता निर्धारण गर्न मद्दत गर्छ; यद्यपि, विद्यार्थीहरूले सैन्यमा नाम लेखाउने योजना नबनाएपनि यो मूल्यांकन उनीहरूका लागि एउटा विकल्प हो।<br>ASVAB ले अंकगणितीय तर्क, शब्द ज्ञान, अनुच्छेद बोध र गणित ज्ञानको जाँच गर्छ। | 31 (संयोजन) | |

## पहिले नै सुरु गर्नुहोस्!!

अंग्रेजी, गणित र करियर तयारीमा निपुणता आवश्यकताहरू पूरा गर्न तपाईंलाई मद्दत गर्ने कार्यक्रमहरू आफ्नो स्कूलमा हेर्न सुरु गर्ने समय अहिले हो।
थप जानकारीका लागि, आफ्नो स्कूल परामर्शदातासँग कुरा गर्नुहोस् र **www.collegeandcareer.dpsk12.org** मा हेर्नुहोस्।

DENVER PUBLIC SCHOOLS